॥ श्रीहरिः ॥

# ॥ स्तर १ – श्रीमद्भगवद्गीता शुद्ध उच्चारण मार्गनिर्देशिका ॥

(यो मार्गनिर्देशिका प्राथमिक स्तरको भगवद्गीता प्रशिक्षार्थीहरूका लागि तयार पारिएको छ)

## ह्रस्व एवं दीर्घ उच्चारण नियम -

- ह्रस्व **अ, इ, उ, ऋ, लृ** बाट बनेका अक्षरहरूको उच्चारण ह्रस्व (समय-एक पटक) ) गर्नुपर्छ, दीर्घ होइन।
- दीर्घ **आ, ई, ऊ, ॠ, ए, ऐ, ओ, औ** यी अक्षरहरूबाट बनेका सबै अक्षरहरूको उच्चारण दीर्घ (समय- दुई पटक) गर्नुपर्छ, ह्रस्व होइन ।

## अनुस्वार उच्चारण नियम –

- अनुस्वार – यस्तो वर्ण, जुन स्वरको अनुशरण गर्छ अर्थात् स्वर पश्चात् आउँछ र जसको उच्चारण नासिका बाट गरिन्छ।
- अनुनासिक – यस्तो वर्ण, जसको उच्चारण मुख र नासिकाबाट गरिन्छ।
- अनुस्वारको उच्चारण अघिल्लो वर्णमाथि निर्भर गर्छ अर्थात् त्यो अनुस्वार अघिल्लो वर्णअनुसार परिवर्तित हुन्छ।

### क वर्ग

- **क्, ख्, ग्, घ्, ङ्** कण्ठ्य वर्ण हुन्, यिनको उच्चारण कण्ठ बाट हुन्छ।
- यस वर्गको अनुनासिक **'ङ्'** हो, अतः यस वर्गवर्णहरूभन्दा पहिला आउने अनुस्वारको उच्चारण **'ङ्'** गर्नुपर्छ। जस्तो - **कंकण (कङ्कण), पंख (पङ्ख), गंगा (गङ्गा), संघ (सङ्घ)**
- **'क्ष'** संयुक्त वर्ण हो **(क्+ष=क्ष)**, जसमा **'क्'** प्रथम वर्ण हो, अत: **'क्ष'** 'क्ष' अक्षरभन्दा पहिला आउने अनुस्वारको उच्चारण **'ङ्'** हुन्छ। जस्तो - **संक्षिप्त (सङ्क्षिप्त)**

## च वर्ग

- **च्, छ्, ज्, झ्, ञ्** तालव्य वर्ण हुन्, यिनको उच्चारण तालू बाट हुन्छ।
- यस वर्गको अनुनासिक **'ञ्'** हो, अतः यस वर्गवर्णहरूभन्दा पहिला आउने अनुस्वार को उच्चारण **'ञ्'** गर्नुपर्छ। जस्तो - **चंचल (चञ्चल), पंछी (पञ्छी), पंजा (पञ्जा), रांझा (राञ्झा)**
- **'ज्ञ'** संयुक्त वर्ण हो **(ज्+ञ=ज्ञ)**, जसमा **'ज्'** प्रथम वर्ण हो, अत: **'ज्ञ'** पूर्व आउने अनुस्वार को उच्चारण **'ञ्'** हुन्छ। जस्तो – **इदं+ज्ञानम्** = **इदञ्ज्ञानम्**

## ट वर्ग

- **ट्, ठ्, ड्, ढ्, ण्** मूर्धन्य वर्ण हुन् यिनको उच्चारण मूर्धा (मुखको कठोर र कोमल तालु बिचको भाग) बाट हुन्छ ।
- यस वर्गको अनुनासिक **'ण्'** हो, अतः यस वर्गवर्णहरूभन्दा पहिला आउने अनुस्वार को उच्चारण **'ण्'** गर्नुपर्छ। जस्तो - **घंटा (घण्टा), कंठ (कण्ठ), पंडित (पण्डित), षंढ (षण्ढ)**

## त वर्ग

- **त्, थ्, द्, ध्, न्** दन्त्य वर्ण हुन् यिनको उच्चारण दन्त बाट हुन्छ।
- यस वर्गको अनुनासिक **'न्'** हो, अतः यस वर्गवर्णहरूभन्दा पहिला आउने अनुस्वार को उच्चारण **'न्'** गर्नुपर्छ। जस्तो - **पंत (पन्त), पंथ (पन्थ), कंद (कन्द), अंध (अन्ध)**
- **'त्र'** संयुक्त वर्ण हो **(त्+र=त्र)**, जसमा **'त्'** प्रथम वर्ण हो अत: **'त्'** भन्दा पूर्व आउने अनुस्वार को उच्चारण **'न्'** हुन्छ। जस्तो - **तंत्र (तन्त्र)**

## प वर्ग

- **प्, फ्, ब्, भ्, म्** ओष्ठ्य वर्ण हुन् यिनको उच्चारण ओष्ठ बाट हुन्छ।
- यस वर्गको अनुनासिक **'म्'** हो, अतः यस वर्गवर्णहरूभन्दा पहिला आउने अनुस्वार को उच्चारण **'म्'** गर्नुपर्छ। जस्तो - **चंपा (चम्पा), इंफाल (इम्फाल), संबल (सम्बल), दंभ (दम्भ)**

## विशिष्ट वर्ग

**'क'** देखि **'प'** वर्गसम्म व्यंजनहरूभन्दा पूर्व आउने अनुस्वारको उच्चारण कसरी गर्नुपर्छ यो हामीले हेर्यौं। अब **'य'** देखि **'ह'** सम्म प्रत्येक वर्णपूर्व आउने अनुस्वारहरूको उच्चारण कसरी गर्नुपर्छ यो हेर्ने छौँ। उच्चारण स्पष्टरूपमा बुझ्न सकियोस्, यस उद्देश्यले ती अक्षर कोष्ठक भित्र लेखिएका छन्। ध्यान रहोस्, वास्तवमा यी वर्ण त्यहाँ छैनन्, केवल अनुस्वारको स्पष्टता र प्राथमिक स्तरका बिद्यार्थीहरुको सुलभताका निम्ति तिनलाई यहाँ निर्दिष्ट गरिएको छ।

### पदको बीचमा अनुस्वारयुक्त वर्णपछि आउने 'य' देखि 'ह' सम्मको उदाहरण:-

पदको बीचमा आउने **'य'** देखि **'ह'** सम्मका अक्षरहरूभन्दा पहिला अनुस्वार युक्त अक्षर आएमा, अनुस्वार को उच्चारण सानुनासिक **'यँ'**, **'लँ'** अथवा **'वँ'** हुन्छ।

- **य** - संयम [सं(यँ)यम], संयोगिता [सं(यँ)योगिता], संयुक्त [सं(यँ)युक्त]
- **ल** - संलग्न [सं(लँ)लग्न], संलाप [सं(लँ)लाप]
- **व** - संवाद [सं(वँ)वाद], संवर्धन [सं(वँ)वर्धन], संवेदना [सं(वँ)वेदना]
- **र** - संरचना [सं(वँ)रचना], संरक्षण [सं(व)रक्षण], संरेखण [सं(वँ)रेखण]
- **श/ष** - संशय [सं(वँ)शय], वंश [वं(वँ)श] , दंश [दं(वँ)श], दंष्ट्रा [दं(वँ)ष्ट्रा], संश्रय [सं(वँ)श्रय]
- **स** - कंस [कं(वँ)स], संसार [सं(वँ)सार], संसर्ग [सं(वँ)सर्ग]
- **ह** - सिंह [सिं(वँ)ह], संहार [सं(वँ)हार], संहिता [सं(वँ)हिता]

### पदको अन्तमा आउने अनुस्वारयुक्त वर्णपछि आउने 'य' देखि 'ह' सम्मको उदाहरण

पदको अन्तमा आउने अनुस्वारयुक्त वर्णपछि **'य** देखि **ह'** वर्ण आएमा अनुस्वारको उच्चारण निम्नानुसार हुन्छ।

- **य** - धर्म्यामृतमिदं(यँ) यथोक्तम्
- **र** - लोकमिमं(म्) रवि:
- **ल** – तदोत्तमविदां(लँ) लोकान्
- **व** - ध्यानं(वँ) विशिष्यते
- **श/ष** - इदं(म्) शरीरम्
- **स** - एवं(म्) सतत
- **ह** - क्षयं(म्) हिंसाम्

## विसर्ग उच्चारण नियम –

### नियम १ : पंक्तिको अंतमा आउने विसर्गको उच्चारण –

विसर्ग पनि सधै स्वरपश्चात् नै आउँछ। भगवद्गीतामा पंक्तिको अन्त्यमा आउने विसर्गहरूको उच्चारण केही 'ह्' जस्तो गरिन्छ, स्वरहरूअनुसार यो **ह, हु, हे, हि** आदिमा परिवर्तित हुन्छ। उदाहरण -

**विसर्ग को पूर्व स्वर -**

- यदि 'अ' छ भने विसर्गको उच्चारण **'ह/हा'** जस्तो हुन्छ। उदा.- **संशयः - संशयह/संशहा**
- यदि 'आ' छ भने विसर्गको उच्चारण **'हा'** जस्तो हुन्छ। उदा.- **रताः - रताहा**
- यदि 'इ', 'ई', 'ऐ' छन् भने विसर्गको उच्चारण **'हि'** जस्तो हुन्छ। उदा.- **मतिः - मतिहि, धर्मैः - धर्मैहि**
- यदि 'उ', 'ऊ', 'औ' छन् भने विसर्गको उच्चारण **'हु'** जस्तो हुन्छ। उदा.- **कुरुः - कुरुहु, गौः - गौहु**
- यदि 'ए' छ भने विसर्गको उच्चारण **'हे'** जस्तो हुन्छ। उदा.- **भूमेः - भूमेहे**
- यदि 'ओ' छ भने विसर्गको उच्चारण **'हो'** जस्तो हुन्छ। उदा.- **मानापमानयोः - मानापमानयोहो**

### नियम २ : केही विशिष्ट वर्णहरूभन्दा पूर्व आउने विसर्गको उच्चारण –

दुई पदको बीचमा आउने विसर्गको उच्चारण त्यसभन्दा अगाडि आउने वर्णअनुसार हुन्छ –

- यदि विसर्गपश्चात् **'क्'** अथवा **'ख्'** यी वर्ण आउँछन् भने त्यस विसर्गको उच्चारण केही **'ख्'** को जस्तो गर्नुपर्छ। ध्यान रहोस्, उच्चारण **'ख्'** को जस्तो गर्नुपर्छ **'ख्'** नै होइन।

  जस्तो - **मैत्रः करुण एव च – मैत्रः(ख्) करुण एव च**

- यदि विसर्गपश्चात् **'प्'** अथवा **'फ्'** यी वर्ण आउँछन् भने त्यस विसर्गको उच्चारण केही **'फ्'** को जस्तो गर्नुपर्छ। ध्यान रहोस्, उच्चारण **'फ्'** को जस्तो गर्नुपर्छ **'फ्'** नै होइन।

  जस्तो - **ततः पदं तत्परिमार्गितव्यम् – ततः(फ्) पदं तत्परिमार्गितव्यम्**

- विसर्गपश्चात् यदि **'स्'**, **'श्'** अथवा **'ष्'** यी वर्ण आउँछन् भने त्यस विसर्गको उच्चारण क्रमशः **'स्'**, **'श्' र 'ष्'** को जसरी गर्नुपर्छ। उदाहरण -

  **यो मद्भक्तः स मे प्रियः = यो मद्भक्तस्स मे प्रियः**

  **ऊर्ध्वमूलमधः शाखम् = ऊर्ध्वमूलमधश्शाखम्**

  **मनः षष्ठानीन्द्रियाणि = मनष्षष्ठानीन्द्रियाणि**

**विशेष नियम** : यदि विसर्गपश्चात् **'क्ष'** वर्ण आउँछ भने त्यस विसर्गको उच्चारण नियम १ को झैं **ह, हि, हु, हे** रहने छ। उदाहरण - **तेजः क्षमा = तेजह क्षमा**

## विसर्ग सन्धि नियम -

सन्धि गर्दा भगवद्गीतामा केही स्थानहरूमाथि विसर्गको परिवर्तन **र्, स्, श्, ष्** आदिमा भएको देखिन्छ, यो परिवर्तन विसर्ग सन्धिनियम को कारण हुन्छ, त्यो ज्यादै विस्तृत छ, यसैले तिनलाई आउने स्तरहरुमा बुझाइने छ, अहिले तपाईँले पीडीएफमा जहाँ जस्तो परिवर्तन दिइएको छ, त्यसको त्यस्तै अभ्यास गर्दै गर्नुहोला।

उदाहरण - **बुद्धिः यो – बुद्धिर्यो, परयोपेताः ते – परयोपेतास्ते, वेदैः च – वेदैश्च**

**यहाँ ध्यान दिनु पर्दछ कि विसर्गपश्चात् उपर्युक्त वर्णहरूबाहेक कुनै पनि वर्ण आएमा विसर्गको उच्चारण नियम – १ को झैँ ह, हु, हे, हि आदि हुन्छ।**

## अवग्रह(ऽ) -

अवग्रह **'ऽ'** एउटा चिह्न जुन संधिको कारणले 'अकार(अ)' लोपलाई दर्शाउँछ। वस्तुतः यसको कुनै विशेष उच्चारण हुँदैन। केवल विग्रह समय अर्थभेद नहोस्, भन्नको लागि यसको प्रयोग गरिन्छ। जस्तो- प्रयाणकाले+अपि - प्रयाणकालेऽपि

## आघात उच्चारण नियम –

- कुनै स्थानमाथि संयुक्त वर्ण (दुई व्यंजनहरूको संयोग) आएमा त्यसको पहिला आउने स्वरमाथि आघात दिनुपर्छ अर्थात् संयुक्त वर्णको प्रथम वर्णको द्वित्व (दुई पटक) उच्चारण गर्नुपर्छ। जहाँ आघात आउँछ त्यहाँ संकेतका लागि प्रत्येक श्लोकमा वर्णहरूको माथि '|' चिह्न दिइएको छ।
  जस्तो - **क्ष(क्+ष), त्र(त्+र), ज्ञ(ज्+ञ), त्य(त्+य ), व्य(व् +य)** आदि संयुक्त वर्ण हुन् ।
  उदाहरण - **मव्यक्तम् = मव् + व्यक् + क्तम्** **मे प्रियः = मेप् + प्रियः**
- यदि कुनै व्यंजनको स्वर सित संयोग हुन्छ भने त्यो संयुक्त वर्ण वर्ण हुँदैन, यसैले त्यहाँ आघात पनि हुँदैन। उदाहरण - **'ऋ'** एउटा स्वर हो, अतः 'विसृजाम्यहम्' मा **'सृ'='स्+ऋ'** **'सृ'** भन्दा पूर्व **'वि'** माथि आघात हुँदैन। संयुक्त वर्ण भन्दा पूर्व स्वर माथि नै आघात दिइन्छ, कुनै व्यंजन, अनुस्वार वा विसर्ग माथि होइन। उदाहरण - **'वासुदेवं(वँ) व्रजप्रियम्'** मा **'व्र'** संयुक्त हुँदामा पनि पूर्वमा अनुस्वार हुनाले आघात आउँदैन ।
- केही स्थानहरूमाथि स्वरपश्चात् संयुक्त वर्ण हुँदामा पनि अपवाद नियमको कारण आघात दिइएको छैन, जस्तो संयुक्त वर्णमा:
  1. एउटै वर्ण दुई पटक आएमा – म**य्या**वेश्य मा **म** माथि, उ**त्ति**ष्ठ मा **उ** माथि आघात आउँदैन।
  2. तीन व्यंजनहरूसंयुक्त हुँदामा – भ**क्त्या** मा **भ** माथि, ये**न्द्रि**य मा **ये** माथि आघात आउँदैन।
  3. प्रथम वर्ण रेफ (माथि र्) वा हकार आएमा – स**र्व**त्र मा **स** माथि, गु**ह्य** मा **गु** माथि आघात आउँदैन।

संस्कृत भाषामा वर्णहरूको उच्चारणका लागि मुखका विभिन्न स्थानहरुको प्रयोग गरिन्छ। यस चित्रमा वर्णहरूको उच्चारणको स्थानहरूलाई दर्शाइएको छ। निर्देशित स्थानको प्रयोग गरी हामी हाम्रो उच्चारणहरूलाई धेरैभन्दा धेरै शुद्ध बनाउन सक्ने छौँ। संस्कृत भाषा कति वैज्ञानिक र समृद्ध छ, यसलाई निम्न चित्रबाट स्पष्ट रुपमा जान्न सकिन्छ ।




|| इति ||

*गीता परिवारका साहित्यलाई कुनै पनि प्रकारबाट अन्य संस्था अथवा अन्य स्थानमा उपयोग/प्रकाशित गर्नलाई पूर्वअनुमति लिन आवश्यक छ। अनुमति लिनको लागि पूर्ण प्रयोजन सहित हामीलाई **consent@learngeeta.com** मा ईमेल गर्नु होला।*